





## शारीरिक पुनःस्थापना

आईसीआरसीले पोखरामा हरियो खर्क अस्पताल र काठमाडौंमा एराहिटी पुनःस्थापना केन्द्रलाई आवश्यकता अनुसारका कृत्रिम हातखुट्टा, सहारा दिने उपकरणहरू (अर्थोसिस), बैसाखी र हवील्चेयर जस्ता सेवा उपलब्ध गराउन उपकरण, उपभोग्य सामाग्री तथा तालिम प्रदान गर्छ । अपाङ्गता भएका व्यक्तिहरू यस कार्यक्रमबाट लाभान्वित हुन्छन् ।

**अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानवीय सिद्धान्तहरूको प्रवर्द्धन**

आईसीआरसीले सरकारी निकायहरू, सशस्त्र र सुरक्षा फौज, शैक्षिक संघ-संस्था तथा नागरिक समाजका प्रभावशाली सदस्यहरू माझ अन्तर्राष्ट्रिय मानवीय कानून तथा मानवीय सिद्धान्तहरूको ज्ञान र सम्मानलाई प्रवर्द्धन गर्दछ । आईसीआरसीले निम्न कार्यहरूमा सघाउँछ :

- नेपाल सरकारलाई अन्तर्राष्ट्रिय मानवीय कानून सम्बन्धी सन्धिहरूलाई राष्ट्रिय कानूनमा समाहित गर्न र पालना सुनिश्चित गर्न ।
- नेपाली सेनालाई अन्तर्राष्ट्रिय मानवीय कानूनका प्रशिक्षक तयार गर्न ।
- सशस्त्र प्रहरी बल तथा नेपाल प्रहरीलाई तिनका अधिकृतहरूलाई सार्वजनकि कानून व्यवस्थापनसँग सम्बन्धित अन्तर्राष्ट्रिय मानवअधिकार कानूनका विशिष्ट प्रकृतिका सवालहरूमा प्रशिक्षण प्रदान गर्न ।
- चुनिएका विश्वविद्यालयहरूलाई तिनका पठनपाठन तथा पाठ्यक्रममा अन्तर्राष्ट्रिय मानवीय कानूनलाई समावेश गर्न ।

**भुटानी शरणार्थीहरूलाई सहयोग**

नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा आईसीआरसीले नेपालमा बसोबास गर्दै आएका भुटानी शरणार्थीहरूलाई भुटानका जेलमा रहेका उनीहरूका आफन्तहरूसँग सम्पर्क र भेटघाट गर्न सहयोग पुऱ्याउँदै आएको छ।

## आईसीआरसीको लक्ष्य

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी) निष्पक्ष, तटस्थ र स्वतन्त्र सङ्गठन हो जसको एक मात्र मानवीय लक्ष्य सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूबाट पीडित व्यक्तिहरूको जीवन र मर्यादाको संरक्षण गर्नु र उनीहरूलाई सहयोग उपलब्ध गराउनु हो । आईसीआरसीले मानवीय कानून र विश्वव्यापी मानवीय सिद्धान्तहरूको प्रवर्धन र तिनलाई सुदृढ पारेर पीडालाई रोक्ने प्रयत्न पनि गर्दछ । सन् १८६३ मा स्थापित आईसीआरसीबाट नै जेनेभा महासन्धिहरू तथा अन्तर्राष्ट्रिय रेडक्रस तथा रेडक्रिसेन्ट अभियानको उत्पत्ति भएको हो । यसले सशस्त्र द्वन्द्व र हिंसाका अन्य परिस्थितिहरूमा रेडक्रस अभियानद्वारा सञ्चालित अन्तर्राष्ट्रिय गतिविधिहरूको निर्देशन र समन्वय गर्दछ ।

ICRC

रेडक्रसको अन्तर्राष्ट्रिय समिति (आईसीआरसी)
पोष्ट बक्स नः २१२२५
मीनभवन, नयाँ बानेश्वर, काठमाडौं
फोन : ४१०७२८५/४१०७२७९ फ्याक्स: ४१०७१३७
ईमेल: kathmandu@icrc.org वेब: www.icrc.org
© आईसीआरसी, अगष्ट २०१६

2016.0193/002;257 08 2016 2500

# नेपालमा आईसीआरसी

ICRC

आवरण फोटो : अजय यादव/आईसीआरसी

संक्षिप्त



© बिनोद काफ्ले / आईसीआरसी



© डिरेक सी. बेनेडिक्स / आईसीआरसी



© आईसीआरसी

## परिचय

सन् १९६१ मा तिब्बती शरणार्थीहरूलाई सहयोग उपलब्ध गराउने उद्देश्यले आईसीआरसीले काठमाडौंमा पहिलोपटक कार्यालय स्थापना गरेको थियो । शरणार्थी समस्या सामान्य भएसँगै १९६३ मा कार्यालय बन्द भयो । नेपालमा सशस्त्र द्वन्द्व शुरु भएपश्चात् १९९८ मा भारतको नयाँ दिल्लीस्थित क्षेत्रीय प्रतिनिधिमण्डल मार्फत आईसीआरसीले नेपालमा मानवीय कार्य गर्न शुरु गऱ्यो र २००१ मा काठमाडौंमा आफ्नो प्रतिनिधिमण्डलको पुन :स्थापना गऱ्यो ।

सन् १९९६ देखि २००६ सम्म चलेको १० वर्षे सशस्त्र द्वन्द्वको अवधिमा आईसीआरसीले द्वन्द्वका दुवै पक्षद्वारा नियन्त्रणमा लिइएका व्यक्तिहरूलाई भेट्ने, थुनास्थल, अस्पताल र दुर्गम गाउँहरूमा खानेपानी र सरसफाइको अवस्थामा सुधार ल्याउने, घाइते तथा बिरामीहरूको उपचारमा सहयोग पुऱ्याउन अस्पतालहरूलाई तालिम र स्वास्थ्य सामाग्रीहरू उपलब्ध गराउने, विस्थापित मानिसहरू एवं द्वन्द्वबाट प्रभावित समुदायहरूलाई सहयोग उपलब्ध गराउने र अन्तर्राष्ट्रिय मानवीय कानून र सिद्धान्तहरूको प्रचारप्रसार र प्रवर्द्धन गर्ने जस्ता गतिविधिहरू सञ्चालन गऱ्यो ।

वर्तमान समयमा नेपालमा आईसीआरसीको उपस्थिति सशस्त्र द्वन्द्वको अन्त्यपछि पनि जारी मानवीय परिस्थितिहरूको सम्बोधन गर्न, नेपाल रेडक्रस सोसाइटीलाई सहयोग गर्न तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको प्रवर्द्धन गर्नका लागि रहेको छ ।

## बेपत्ता व्यक्तिका परिवारहरूलाई सहयोग

सन् २००६ मा सशस्त्र द्वन्द्वको अन्त्य भएपछि पनि अझै १३०० भन्दा बढी व्यक्ति बेपत्ता रहेका छन् । यी बेपत्ता व्यक्तिहरू अझै जीवित छन् वा तिनका मृत्यु भैसक्यो भन्ने बारेमा केही थाहा नभएर उनीहरूका परिवारहरू द्विविधापूर्ण जीवन बाँचिरहेका छन् ।

- सन् २०१० मा आईसीआरसीले बेपत्ता व्यक्तिका परिवारहरूलाई मनोसामाजिक, आर्थिक, कानूनी / प्रशासनिक तथा सामाजिक-साँस्कृतिक सहयोग उपलब्ध गराउन हातेमालो नामक बृहत तथा बहुआयामिक कार्यक्रम सञ्चालन गऱ्यो । मार्च २०१६ मा समापन हुँदासम्म यस कार्यक्रमले नेपालका ४६ जिल्लाका ९० प्रतिशतभन्दा बढी बेपत्ता व्यक्तिका परिवारहरूलाई समेट्न सफल भयो ।
- आईसीआरसीले बेपत्ता व्यक्तिका परिवारहरूसँगको सम्पर्कलाई निरन्तरता दिँदै उनीहरूको चासोका कुनै पनि घटनाक्रमका बारेमा उनीहरूलाई सुसूचित गराउँदछ । यसका साथै सरकारी स्तरबाट उपलब्ध हुने सहायतासम्म यस्ता परिवारहरूको पहुँचलाई सहज बनाउँदै उनीहरूका बेपत्ता प्रियजनको अवस्थाबारे "जान्न पाउने अधिकार" लगायतका अन्य आवश्यकताहरूको पक्षमा पैरवी गर्दछ ।

## आकस्मिक परिस्थितिका लागि पूर्वतयारी तथा प्रतिकार्य

**नेपाल रेडक्रस सोसाइटीलाई सहयोग**

प्रकोप अथवा हिंसाबाट प्रभावित मानिसहरूको मानवीय आवश्यकता सम्बोधन गर्ने पहिलो निकायको रूपमा रहेको नेपाल रेडक्रस सोसाइटीको सांगठनिक र कार्य सञ्चालन क्षमता सुदृढ पार्न आईसीआरसीले सहयोग गर्दछ । यस अन्तरगत :

- मानवीय सहायताको आवश्यकतामा रहेका मानिसहरूसम्म सुरक्षित र निर्बाध पहुँच सुनिश्चित गर्न नेपाल रेडक्रस सोसाइटीको तनावपूर्ण परिस्थितिमा कार्य सञ्चालन गर्ने क्षमता अभिवृद्धि गर्ने ।
- परिवारबाट बिछोडिएका व्यक्तिहरूको अवस्था र परिस्थिति पत्ता लगाउँदै पारिवारिक सम्पर्क पुन: स्थापना गर्ने नेपाल रेडक्रस सोसाइटीको क्षमता अभिवृद्धि गर्ने ।

**मानवीय विधिविज्ञान कार्य तथा अन्य संघसंस्थाहरूलाई सहयोग**

आकस्मिक परिस्थितिको पूर्वतयारी तथा प्रतिकार्यमा आफ्ना क्षमता अभिवृद्धि गर्ने राष्ट्रिय निकायहरूको प्रयासमा आईसीआरसीले पूरकको भूमिका निभाउँछ । यस अन्तरगत :

- विपद्मा ज्यान गुमाएकाहरूलाई पीडितको रूपमा मान्यता दिँदै मृत शरीरको सम्मानपूर्वक व्यवस्थापन र विधिविज्ञानमा आधारित मानवीय सनाखतका निम्ति स्थापित प्रक्रिया तथा निर्देशिकाको पालना गराउन सम्बन्धित संस्था तथा निकायहरूसँग काम गर्दछ । यस्तो कार्यले प्रभावित परिवार र समुदायहरूलाई मृतकको अन्तिम संस्कार गर्न समेत सघाउँछ ।
- गम्भीर चोटपटकका लागेका बिरामीहरूको आपतकालिन उपचार व्यवस्थापन गर्ने चिकित्सकहरूको विज्ञता अभिवृद्धि गराउने तालिमका लागि काठमाडौं विश्वविद्यालयको धुलिखेल अस्पताललाई सहयोग ।
- आकस्मिक अवस्थामा घाइतेहरूको उपचारमा सघाउन विभिन्न स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य सामाग्री उपलब्ध गराउने ।